# जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दी
## बेनी
## गण्डकी प्रदेश, नेपाल

प. स. :२०८२/०८३
च. नं. :२४८(आ्मव्यवस्था)

प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०५

**चमेना गृह सञ्चालन सम्बन्धी सूचना !**

जिल्ला समन्वय समिति, म्याग्दीको मिति २०८३/२/१९ गतेको निर्णय बमोजिम यस कार्यालयको परिसरमा रहेको चमेना गृहलाई २०८३ श्रावण १ गतेबाट दुई आर्थिक वर्षका लागि यस कार्यालयका ज़नप्रतिनिधि, कर्मचारी, सेवाग्राही लगायत आउने सबै ग्राहकहरुका लागि तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्मले खाजा/खानाको परिकार तथा एकाई अनुसारको दररेट सहितको विवरण र एकमुष्ट मासिक खामबन्दी गरी यस कार्यालयको प्रशासन शाखामा पेस गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८३।०३।१९) को कार्यालय समयभित्र फर्मको छाप सहितको निवेदन र रु १००० (अक्षेरेपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी दस्तुर बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र नियमानुसार सूचना प्रकाशित मितिले १८ औं दिन (मिति २०८३।०३।२२ गते) को मध्यान्ह १२ बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्र सोही दिन दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजानिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
३. म्याद नाघी आएको वा रीत नपुगेको वा कार्यालयबाट खरिद नगरिएको वा कुनै शर्त राखी पेस भएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
४. खामबन्दी दररेटका साथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र र आ.व. २०८१।८२ को कर चुक्ताको प्रमाणपत्र अनिवार्य पेस गर्नुपर्नेछ ।
५. चमेनागृह सञ्चालनका लागि मासिक न्यूनतम रु १०८९० (अक्षेरेपी दश हजार आठ सय नब्बे रुपैयाँ मात्र) भाडा कायम गरिएको छ।
६. दरभाउपत्र पेस गर्ने फर्म संस्था तथा व्यवसायीले रु १०८९० (अक्षेरेपी दश हजार आठ सय नब्बे रुपैयाँ मात्र) बराबरको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. क-२.३ धरौटी खाता-KA2.3-KO LE NI KA BENI DHARAUTI KH-06301000002003000001 मा धरौटी जम्मा गर्नुपर्नेछ।

जिल्ला समन्वय अधिकारी

फोन नं. +९७७-०६९-५२०१४४, ५२०५३० फ्याक्स नं. ५२०१४४ Email ID: info.dccmyagdi@gmail.com

# जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दी
## बेनी
## गण्डकी प्रदेश, नेपाल

प. स. :२०८२/०८३

च. नं. :

७. सबैभन्दा बढी कबोल गर्ने फर्मले आफूले कबोल गरेको रकमको कम्तिमा एक महिना बराबर रकम जमानत राखेपछि मात्र दुई वर्षका लागि सम्झौता गरिनेछ । सेवा सन्तोषजनक रहेमा दुई वर्ष (सम्झौता अवधी) पश्चात् समेत जिल्ला समन्वय समतिको बैठकबाट निर्णय गरी अवधी थप गर्न सकिनेछ ।

८. दरभाउपत्र पेश गर्न इच्छुक फर्म तथा व्ययवसायीले चमेना गृहको हालको अवस्थाको बारेमा स्थलगत रुपमा बुझी हेरी मात्र दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

९. दरभाउपत्र पेस गर्ने फर्म संस्था तथा व्यवसायीले पेश गरेको दरभाउ अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरेकोलाई मान्यता दिइनेछ।

१०. एकभन्दा बढी दरभाउपत्र दाताहरुको अधिकतम कबोल अंक बराबर भएमा गोलाप्रथा द्वारा छनोट गरिनेछ ।

११. यस सूचनामा उल्लिखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

जिल्ला समन्वय अधिकारी

फोन नं. +९७७-०६९-५२०१४४, ५२०५३० फ्याक्स नं. ५२०१४४ Email ID: info.dccmyagdi@gmail.com